# श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम (लागत साझेदारी) सञ्चालन मार्गदर्शन

२०८३/०८४

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश

कोशी प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

विराटनगर, नेपाल

# श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम (लागत साझेदारी) सञ्चालन मार्गदर्शन, २०८३/०८४

**प्रस्तावना** :कोशी प्रदेशमा स्वदेशमा रोजगारीको अवसरको खोजीमा रहेका बेरोजगार व्यक्तिहरू र वैदेशिक रोजगारीबाट फर्किएका (Returnees) युवाहरूले आर्जन गरेको सीप, अनुभव र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्दै स्वरोजगारी तथा उद्यमशीलता प्रवर्धन गर्न स्थानीय तहहरूसँग लागत साझेदारीमा श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम कार्यान्वयन गर्नका लागि कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१)यो मार्गदर्शनको नाम <u>श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३</u> रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u>विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क)**"उद्यमी"** भन्नाले प्रचलित कानून बमोजिम उद्यम सञ्चालन गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्छ ।

(ख) **"उद्यमशीलता"** भन्नाले व्यक्तिगत वा सामुहिक रुपमा नाफा आर्जन गर्ने उद्देश्यले नयाँ ज्ञान, सीप र सिर्जनशीलता प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन वा वितरण गर्ने आर्थिक क्रियाकलाप सम्झनुपर्छ ।

(ग)**"कार्यक्रम"** भन्नाले यस मार्गदर्शन बमोजिम आ.व. २०८३/०८४ मा अनुसूची १ मा उल्लेखित स्थानीय तहमा रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ।

(घ)**"केन्द्र"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) र यो मार्गदर्शन बमोजिम स्थानीय तहमा रहेको रोजगार सीप तथा उद्यमशीलता केन्द्रलाई सम्झनुपर्छ ।

(ङ) **"परिषद्"** भन्नाले प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को, कोशी प्रदेश कार्यालय भनेर सम्झनुपर्छ।

(च)**"पुनः एकिकरण कार्यक्रम"** भन्नाले वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई वैदेशिक रोजगारीबाट रोजगारीबाट प्राप्त गरेको अनुभव, सीप, पूँजी र प्रविधिलाई श्रम बजारको माग अनुसार स्तरीकरण र प्रवर्धन गरी रोजगार, स्वरोजगार, सीप तथा उद्यमशीलता विकास गर्न सञ्चालित कार्यक्रम सम्झनुपर्छ ।

(छ)**"प्रतिष्ठान"** भन्नाले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भनेर सम्झनुपर्छ।

(ज)**"फर्केको व्यक्ति"** भन्नाले वैदेशिक रोजगारबाट फर्केको व्यक्तिलाई सम्झनुपर्छ ।

शाखा अधिकृत     महाशाखा प्रमुख     सहसचिव     मन्त्री

(झ) **"बेरोजगार"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ को (ङ) ले परिभाषित गरेको व्यक्तिलाई सम्झनुपर्छ। सो शब्दले सीप सिकेर स्वदेशमा रही रोजगारी गर्न चाहने वा आयमूलक पेसामा आवद्ध हुन चाहने व्यक्तिहरूलाई समेत बुझाउने छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले अनुसूची -१ अनुसारका स्थानीय तहलाई सम्झनुपर्छ ।

(ठ) "रेमी परियोजना" भन्नाले वैदेशिक रोजगारबाट फर्केको व्यक्तिको पुनः एकीकरण परियोजना (रेमी) सम्झनुपर्छ।

(ड) "सामी कार्यक्रम" भन्नाले वैदेशिक रोजगारीलाई सुरक्षीत मर्यादित र व्यवस्थित बनाउन संघ प्रदेश र स्थानीय तहबाट सञ्चालित कार्यक्रम सम्झनुपर्छ ।

३. **कार्यक्रमको कार्यक्षेत्र** : यो कार्यक्रम अनुसूची-१ मा उल्लिखित ४५ वटा स्थानीय तहमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

४. **कार्यक्रमको उद्देश्यः** (१) यो मार्गदर्शन बमोजिम सञ्चालन हुने **श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम**को उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. कोशी प्रदेशका बेरोजगार युवा तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई स्वरोजगार तथा उद्यमशीलतामा प्रवर्द्धन गर्दै दीगो आयआर्जनको अवसर सिर्जना गर्नु,

ख. बजारको माग र स्थानीय आवश्यकतामा आधारित उच्च गुणस्तरीय सीप तालिम प्रदान गरी प्रमाणिकरण गर्नु,

ग. सूक्ष्म तथा लघु उद्यम स्थापना/विस्तारका लागि प्रविधि, औजार र पुँजीगत अनुदान / उपकरण सहयोग गर्नु,

घ. स्थानीय स्तरमै रोजगारी सिर्जना गरी युवालाई वैदेशिक पलायन हुनबाट रोक्नु।

५. **लक्षित वर्ग**: कार्यक्रमको लक्षित बर्ग देहाय बमोजिम हुनेछ ।

(क) बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेको व्यक्ति,

(ख) सीप सिक्न इच्छुक व्यक्ति,

(ग) वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति,

(घ) रोजगार सिर्जना गर्न र उद्यम गर्न इच्छुक व्यक्ति,

(ङ) राज्यले विशेष सहुलियत उपलब्ध गराउन सूचीकृत गरेको व्यक्ति वा समुदाय,

६. **बजेट लगानी तथा कार्यक्रम सञ्चालनको मोडालिटी**:(१) कार्यक्रमका लागि मन्त्रालयबाट प्रत्येक स्थानीय तहमा वित्तिय हस्तान्तरण भएको कुल रु.२५ लाख बरावरको १००% रकम रु. २५ लाख सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्था गरी कुल ५० लाख बजेट तपसिल बमोजिम स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता विकासका तोकिएका कार्यहरू सञ्चालन गर्नेगरी कार्यान्वयन गर्नुपर्नेछ।

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
विराटनगर

| क्र.सं. | मुख्य शीर्षकहरू | विवरण | बजेट सिमा (रु.) | प्रतिशत (%) | लाभान्वित संख्या (जना) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उद्यमशीलता र रोजगार प्रवर्द्धन | उद्यमशीलता विकास तालिम र व्यावसायिक योजनामा आधारित सीप तालिम | ९,००,०००/- | १८ | ७५-१०० (३०% फर्केको व्यक्ति अनिवार्य) | ५ देखि ७ दिन |
| २. | सीप विकास तालिम तथा सीप प्रमाणीकरण | व्यावसायिक सीप विकास तालिम तथा प्रमाणीकरण | ९,००,०००/- | १८ | ४०-६० | सीप विकास तालिम र सीप परीक्षण |
| ३. | अनुदान सहयोग | उद्यमी प्रवर्धन गर्न बिउ पूँजी | ७,००,०००/- | १४ | २५ (३०% फर्केको व्यक्ति अनिवार्य) | उद्यमशीलता विकास तालिम पछि मागमा आधारित |
| ४. | प्रविधि सहयोग | उपकरण तथा प्रविधि खरिद र हस्तान्तरण | १५,००,००० | ३० | २५ (३०% फर्केको व्यक्ति अनिवार्य) | उद्यमशीलता विकास तालिम पछि मागमा आधारित |
| ५. | कार्यक्रम व्यवस्थापन | बैठक, अनुगमन र अन्य प्रशाशनिक खर्च | २,००,००० | ४ | | |
| ६. | सचेतना कार्यक्रम | सामाजिक अभिमुखीकरण, अप्रवासी सञ्जाल निर्माण तथा क्षमता विकास र महिला उद्यमी र अधिकतम् रोजगार प्रदान गर्ने रोजगार दाताको सम्मान | ४,५०,००० | ९ | ४०० | १ महिला उद्यमी र १ अधिकतम् रोजगार दातालाई सम्मानमा अधिकतम् २५,००० पुरस्कृत गर्न सकिनेछ |

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश

शाखा अधिकृत    महाशाखा प्रमुख    सहायक सचिव / प्रदेश सचिव    सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | । |
| ७ | वित्तीय साझरता कार्यक्रम | सामी कार्यक्रमबाट सञ्चालित ३ दिने,१ दिने र ९० ~~घण्टे~~ मिनेट मोडयुलको वित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम | ३५०००० | ७ | ४००-५०० व्यक्ति लाभान्वित हुने । | सहजिकरण का लागि सामी कार्यक्रमका वित्तीय साक्षरता सहजकर्ता र लघुउद्यम सहजकर्ताबाट गर्न सकिने । संघ ससर्त अनुदानबाट दोहोरो नपर्ने गरी |
| | जम्मा | | ५०,००,००० | १०० | | |
| क.सं १,२, ५र ६ को रकम खर्च हुन नसकेमा स्थानीय तहले निर्णय गरी क.सं ३ र ४ को शीर्षकमा थप गर्न वा बजारीकरणमा वा कुनै १ उत्पादनको ब्राण्डिंग (Branding) गर्न सक्ने छ । | | | | | | |

७. <u>सहभागी छनौट र उद्यमशीलता तालिम तथा परामर्श सेवा</u> :(१)स्थानीय तहले सार्वजानिक सूचना प्रकाशित गरी दफा ५ बमोजिमका लक्षित बर्गका इच्छुक व्यक्तिहरूमध्येबाट निवेदन आह्वान गरी प्राप्त निवेदनबाट लक्षित बर्गको व्यक्तिगत, शैक्षिक, सीप, अनुभव, रुची लगायतका विवरण सहितको प्रोफायल तयार गरी ७५ देखि १०० जनासम्म छनौट गर्नुपर्नेछ।

(२)केन्द्रले छनौट भएका व्यक्तिहरूको प्रोफायल तयार गरी पछिसम्म कायम रहने गरी व्यक्तिगत आइडी नम्बर कायम गर्नुपर्नेछ,

(३) छनौट भएका व्यक्तिहरूलाई ७ दिन सम्मको सीप विकास, उद्यमशीलता तथा परामर्श सम्बन्धी तालिम प्रदान गर्नुपर्नेछ,

(४) उद्यमशीलता तालिम तथा परामर्श सेवा तालिम पश्चात सीप विकास तालिममा सहभागी हुन चाहने, उद्यमशीलता तालिम चाहने, बिउपूँजी वा प्रविधि आवश्यक पर्ने व्यक्तिहरू छुटयाइ अलग अलग बर्गीकरण गर्नुपर्नेछ,

(५) सीपविकास तालिम आवश्यक पर्ने व्यक्तिहरूको पहिचान गर्ने र यस मार्गदर्शन बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद वा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट

शाखा अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव

स्वीकृत विषय र पाठ्यक्रम बमोजिम स्थानीय आवश्यकता, बजारको माँगको आधारमा छोटो अवधीको तालिमको पेशा (३९० घण्टा) छनौट गरी सीप विकास तालिम प्रदान गर्नुपर्नेछ,

(६) सीप विकास तालिम पुरा गरेका व्यक्ति, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति र अन्य योग्य व्यक्तिहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग समन्वय गरी सीप परीक्षणमा सहभागी गराउनुपर्नेछ,

८. **<u>प्रदेश समन्वय समिति</u>** :(१) यस मार्गदर्शन बमोजिम सीप विकास, रोजगार तथा उद्यमशीलता प्रवर्धन गर्न नीतिनिर्माण, समन्वय, रोजगारदाता संघसंस्था, उद्यमी र तालिम प्रदायक निकायहरूबीच समन्वय, सहकार्य गर्नका लागि देहाय बमोजिमको एक प्रदेश समन्वय समिति रहनेछ ।

(क) सचिव, सामाजिक विकास मन्त्रालय - संयोजक

(ख) निर्देशक, प्राविधिक शिक्षा तथा व्यावसायिम तालिम परिषद, प्रदेश कार्यालय - सदस्य

(ग) महाशाखा प्रमुख, उद्योग, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(घ) महाशाखा प्रमुख, श्रम तथा रोजगार क्षेत्र हेर्ने, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, प्रदेश स्तरीय निजी क्षेत्रका छाता संगठनहरू मध्येबाट संयोजकले मनोनित गरेको कम्तीमा दुईजना महिला सहित ३ जना - सदस्य

(च) प्रमुख, श्रम तथा रोजगार कार्यालय मोरङ -
सदस्य

(छ) कार्यक्रम सञ्चालित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू मध्येबाट संयोजकले तोकेका दुईजना - सदस्य

(ज) शाखा प्रमुख, श्रम तथा रोजगार महाशाखा, सामाजिक विकास मन्त्रालय - सदस्य -सचिव

(२) समितिको बैठकमा अन्य विज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक वर्षमा कम्तिमा दुईपटक संयोजकले तोकेको मिति र स्थानमा बस्न सक्नेछ ।

९. **<u>प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>**:(१) दफा ८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विभिन्न मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी वार्षिक कार्यक्रमहरूबीच अन्तर आबद्धता कायम गर्न सहजीकरण गर्ने,

(ख) प्रदेश सरकारबाट वार्षिक विनियोजित भएको बजेटलाई एकिकृत रुपमा स्थानीय तहको रोजगार, सीप तथा उद्यमशीलता केन्द्र मार्फत कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ग)प्रदेश सरकारबाट स्थानीय तहहरूमा रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्राप्त अनुदानमा स्थानीय तहको साझेदारी थप गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) श्रम तथा रोजगार र सीपविकास तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि पहल र सहजीकरण गर्ने,

(ङ) सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट सञ्चालित कार्यक्रमहरूको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती पहिचान गरी समाधानका लागि नीतिगत तथा संस्थागत सुधारका लागि समन्वय गर्ने,

(च) स्थानीय तहहरूमा सञ्चालित रोजगार, सीप तथा उद्यमशीलता कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुधारका लागि आवश्यक सहजीकरण गर्ने,

(छ) स्थानीय तहलाई कार्यक्रम कार्यन्वयनको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ज)

१०. <u>स्थानीय कार्यक्रम कार्यान्वयन समिति:</u> (१)कार्यक्रम सञ्चालन भएका स्थानीय तहमा रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन र समन्वय गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख/अध्यक्ष | -संयोजक |
| (ख) | उपप्रमुख/ उपाध्यक्ष | -सदस्य |
| (ग) | प्रमुख प्रशासिकय अधिकृत | -सदस्य |
| (घ) | श्रम तथा रोजगार विषय हेर्ने समितिको संयोजक | -सदस्य |
| (ङ) | उद्योग सम्बन्धी विषय हेर्ने महाशाखा/शाखा प्रमुख | -सदस्य |
| (च) | प्रतिनिधि, स्थानीय स्तरका निजी क्षेत्रका छाता संगठनहरू मध्येबाट संयोजकले मनोनित गरेको कम्तिमा १ महिला सहित २ जना | -सदस्य |
| (छ) | प्रतिनिधि, प्रादेशिक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद कार्यालयले तोकेको शिक्षालय प्रमुख | -सदस्य |
| (ज) | रोजगार संयोजक/ केन्द्र संयोजकमा रहेको कर्मचारी | -सदस्य-सचिव |

शाखा अधिकृत महाशाखा प्रमुख प्रदेश सचिव

(२)उपदफा (१) बमोजिमको समितिले सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आवश्यकता, भौगोलिक अवस्था, बजारको माग, जनसङ्ख्याको आधारमा जनशक्तिको पहिचान गरी सिपविकास तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूको छनौटका लागि दरखास्त आह्वान गरी इच्छुक उपयुक्त उम्मेदवार छनौट गर्ने,

(ख) यो मार्गदर्शन बमोजिम उद्यमशीलता र रोजगार प्रवर्धन, सीप विकास तालिम, अनुदान सहयोग, प्रविधि सहयोग, कार्यक्रम व्यवस्थापन र अन्य क्रियाकलापका लागि बजेट बाँडफाँड गरी कार्यान्वयन गर्ने,

(ग) कार्यस्थलको सिकाइ र रोजगारी सुनिश्चितताका लागि सम्बन्धित उद्योग व्यवसायसँग समन्वयका लागि सहजीकरण गर्ने,

(घ) समग्र कार्यक्रमको अभिलेख र प्रतिवेदन व्यवस्थापन गर्ने,

(ङ) तालिम सम्पन्न गरेका व्यक्तिहरूलाई रोजगारी तथा आयआर्जनमा आवद्ध गर्नका लागि सहजीकरण गर्ने,

(च) कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन, सहयोग, समन्वय र सहजीकरण गर्ने,

(छ) सिप विकास तालिम सम्पन्न गरेका व्यक्तिहरूलाई सिप परीक्षणमा सहभागी गराउने,

(ज) मागमा आधारित उद्यमशीलता विकास तालिम र व्यावसायिक सिप तालिम पश्चात् निरन्तर फलोअप र अनुगमन गर्ने,

(झ) मार्गदर्शन बमोजिम उद्यम सञ्चालन गर्न व्यावसायिक प्रस्ताव आह्वान गर्ने, प्राप्त प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्ने र बिउ पूँजी वा प्रविधि हस्तान्तरण वा व्याज अनुदान सम्बन्धी निर्णय गर्ने,

(ञ) उद्यम सञ्चालन गर्ने उद्यमीहरूसँग उद्यम सञ्चालन, उद्यमको निरन्तरता र सहयोगको दुरुपयोग हुन नदिन कबुलियतनामा गराउने,

(ट) स्थानीय तहको श्रम तथा रोजगार नीति, कार्यक्रम, बजेटको निर्माण, व्यवस्थापन तथा कार्यन्वयन गर्ने ।

११. <u>स्थानीय तहको भूमिका</u> :(१) यस मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन हुने स्थानीय तहले देहाय बमोजिमका भूमिका निर्वाह गर्नुपर्नेछ ।

क. बेरोजगार व्यक्तिहरूको तथ्याङ्क,

ख. सीप विकास तालिम तथा सम्भावित विषयक्षेत्रहरूको पहिचान,

ग. उद्यमशीलताको विकास तालिम तथा उद्यम सम्भावित क्षेत्रहरू,

शाखा अधिकृत   महाशाखा प्रमुख   प्रदेश सचिव   मन्त्री

घ. सीप विकास तालिम सञ्चालन सम्बन्धी सूचना प्रकाशन र सहभागी छनौट प्रक्रिया र तालिम सञ्चालन,

ङ. उद्यमशीलता विकास तालिम सञ्चालन सम्बन्धी आवश्यक विषयहरू,

च. उद्यमशीलता सम्बन्धी व्यवसायिक प्रस्ताव आह्वान, मूल्याङ्कन र छनौट, कबुलितनामा र सहयोग सम्बन्धी,

छ. वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको तथ्यांक संकलन तथा सञ्जाल निर्माण र क्षमता विकास,

ज. महिला उद्यमी र अधिकतम् रोजगार प्रदान गर्ने रोजगार दाताको सम्मान,

झ. शीर्षकगत बजेट विनियोजन,

ञ. उद्धमशीलता तथा व्यवसायिक सीप तालिम,

ट. वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम र तालिम प्राप्त सहभागीहरुलाई सीपमूलक तालिममा आवद्दता,

ठ. निजि क्षेत्र तथा उद्योग प्रतिष्ठानसँगको समन्वय र सहकार्य,

ड. अनुगमन तथा प्रतिवेदन प्रणाली,

ढ. सामाजिक विकास मन्त्रालयमा प्रत्येक त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश,

ण. सहयोगलाई दुरुपयोग गर्ने उद्यमीलाई कार्यवाही वा सेवा सुविधा प्रवाहमा रोक लगाउने सम्बन्धी,

त. कार्यक्रमको दीगोपना ।

(२) उपदफा (१) बमोजिम उल्लेख भए अनुसार नसमेटिएका विषयवस्तुहरू नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयबाट मिति २०८३/०२/०६ मा स्वीकृत रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकिकृत सेवा प्रवाह कार्यविधि, २०८३ मा उल्लेखित अन्य विषयहरू स्थानीय तहले थप गर्न सक्नेछ ।

१२. **समन्वय तथा सहकार्यः** (१) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्न देहायका निकायहरूसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

क. सामाजिक विकास मन्त्रालय कोशी प्रदेश,

ख. राष्ट्रिय सीप परीक्षण समिति (NSTB)सानोठिमी, भक्तपुर,

ग. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सानोठिमी/प्रदेश कार्यालय इटहरी,

घ. सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयहरूमा रहेको आप्रवासी स्रोतकेन्द्र,

ङ. व्यावसायिक सीपविकास तालिम केन्द्रहरू,

च. जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय,

शाखा अधिकृत    प्रदेश सचिव

छ. सम्बन्धित उद्योग तथा रोजगार प्रदायक संस्था,

ज. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको रिटर्नी सञ्जाल,

झ. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तथा पुनः एकीकरण कार्यक्रम (रेमी) परियोजना,

ञ. अन्य सम्बन्धित निकायहरू ।

१३. <u>कार्यक्रम कार्यान्वयन कार्यतालिका</u>: (१) यो मार्गदर्शन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने कार्यतालिका सामान्यतया अनुसूची - २ बमोजिम हुनेछ ।

१४. <u>अन्यत्र खर्च गर्न नपाइने</u> : (१) स्थानीय तहले यस कार्यक्रमको रकम श्रम तथा रोजगारका क्षेत्र बाहेक अन्यत्र बजेट बिनियोजन गर्न वा रकमान्तर गरी अन्यत्र खर्च गर्न पाइनेछैन ।

(२) कार्यक्रम कार्यान्वयन स्थानीय तहकै जनशक्तिबाट गर्नु पर्नेछ ।

१५. <u>लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था</u>:

यस मार्गदर्शन बमोजिम बजेट बाँडफाँड गर्ने, नियमानुसार खर्च गर्ने, खर्च भएको रकमको लेखा राख्ने र लेखापरीक्षण गर्ने र लेखा परीक्षण प्रतिवेदन मन्त्रालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

१६. <u>सामाजिक विकास मन्त्रालयको भूमिका</u>:

(१) श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ ।

क. स्थानीय तहहरूबाट आयोजना माग गरी लागत साझेदारीमा प्रदेश सरकारको तर्फबाट बजेटव्यवस्थापन गर्ने,

ख. कार्यक्रम कार्यान्वयनको सहजीकरण र एकरुपताका लागि कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत गरी स्थानीय तहहरूमा पठाउने,

ग. कार्यक्रम कार्यन्वयनगर्न प्राविधिक सहयोग उपलब्ध गराउने

घ. स्थानीय तहहरूले कार्यान्वयन गरेको कार्यको अनुगमन गर्ने,

ङ. अनलाइन वा प्रत्यक्ष माध्यमबाट कार्यक्रमको अभिमुखिकरण तथा प्रगति समीक्षा सञ्चालन गर्ने,

च. स्थानीय तहहरूबाट प्राप्त प्रतिवेदनका आधारमा समग्र प्रतिवेदन तयार गरीप्रदेश सरकारमा पेश गर्ने,

छ. कार्यक्रमको समीक्षा गरी आगामी बर्षको निरन्तरताका लागि आवश्यक निर्णय लिने ।

शाखा अधिकृत | महाशाखा प्रमुख | प्रदेश सचिव | मन्त्री

१७. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद प्रदेश कार्यालयको भूमिका**: (१) कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद कोशी प्रदेश कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

क. स्थानीय तहहरूको माग बमोजिम जनशक्ति प्राविधिक सहयोग उपलब्ध गराउने,

ख. सीप परीक्षणको अनलाइन फारम भर्नका लागि स्थानीय तहहरूलाई सहजीकरण गर्ने,

ग. सीप परीक्षणका लागि स्थानीय तहले प्रशिक्षार्थीहरूको अनलाइन सीप परीक्षण फारम भरि पठाएपछि तालिम र प्रशिक्षार्थीहरूको विवरण राष्ट्रिय सीप परीक्षण समितिमा पठाउन सहजीकरण गर्ने,

घ. प्रदेश कार्यालयबाटै सीप परीक्षण हुने पेशाहरूको सीप परिक्षण र प्रमाणिकरण गर्ने ।

१८. **पाठ्यक्रम तथा अन्य व्यवस्था**: (१) सीप विकास तालिमका विषय छनौट र सीप परीक्षण सम्बन्धमा नेपाल सरकार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट स्वीकृत तालिम पाठ्यक्रम र सीप परीक्षणका विषयहरूलाई आधार लिनुपर्नेछ।

(२) सामाजिक विकास मन्त्रालयबाट पढदै कमाउदै कार्यक्रम, अन द जब ट्रेनिङ, सक्षम छोरी, किशोरी सशक्तिकरण कार्यक्रम र विपन्न दलित आदिवासी र सिमान्तकृत महिलाहरूको लागि उद्यशीलता विकास कार्यक्रमका लागि बजेट परेका स्थानीयहरूले उक्त कार्यक्रमसँग श्रम तथा रोजगार प्रवर्धन कार्यक्रमसँग जोड्न सकिनेछ ।

(३) यो मार्गदर्शन बमोजिम स्थानीय तहहरूबाट सञ्चालन हुने क्रियाकलापहरू (जस्तै : सीप विकास तालिम, बिउपूँजी वा प्रविधि सहयोग) मा "कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र स्थानीय तहको साझेदारमा सञ्चालित कार्यक्रम" भनी उल्लेख गर्नुपर्नेछ ।

१९. **प्रचलित कानून बमोजिम हुने**:

(१) यस मार्गदर्शनमा उल्लेखित विषय कुनै कानूनसँग बाझिएमा वा यस मार्गदर्शनमा उल्लेख नभएको वा स्पष्ट नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) स्थानीय तहले सीप विकास तालिम सञ्चालन, सीप परीक्षण जस्ता विषयमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको**छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यविधि** र नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयबाट स्वीकृत **रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३** लाई समेत आधार लिन सकिनेछ ।

(३) यस मार्गदर्शन बमोजिम खरिद गर्नुपर्ने कार्यहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ ।

शाखा अधिकृत    महाशाखा प्रमुख    प्रदेश सचिव    मन्त्री

२०. **<u>बाधा अड्काउ फुकाउने</u>** : यस मार्गदर्शन बमोजिम सञ्चालित कार्यक्रम सम्बन्धी आइपरेको बाधाका सम्बन्धमा आवश्यकताका आधारमा मन्त्रालयले बाधा अडकाउ फुकाउनेछ ।

२१. **<u>संशोधन सम्बन्धी व्यवस्था</u>**: आवश्यकता अनुसार सामाजिक विकास मन्त्रालयले मार्गदर्शन संशोधन गर्न वा परिमार्जन गर्न सक्नेछ ।

समाप्त

शाखा अधिकृत | महाशाखा प्रमुख | प्रदेश सचिव | मन्त्री

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय विराटनगर, नेपाल

अनुसूची-१

आ.व. २०८३/०८४ मा श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरू

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | इलाम | देउमाई नगरपालिका |
| २ | इलाम | फाकफोकथुम गाउँपालिका |
| ३ | इलाम | माई नगरपालिका |
| ४ | इलाम | रोङ गाउँपालिका |
| ५ | इलाम | सन्दकपुर गाउँपालिका |
| ६ | उदयपुर | कटारी नगरपालिका |
| ७ | उदयपुर | चौदण्डीगढी नगरपालिका |
| ८ | ओखलढुङ्गा | मानेभञ्याङ गाउँपालिका |
| ९ | खोटाङ | ऐसेलुखर्क गाउँपालिका |
| १० | खोटाङ | दिक्तेलरुपाकोट मझुवागढी नगरपालिका |
| ११ | झापा | झापा गाउँपालिका |
| १२ | झापा | भद्रपुर नगरपालिका |
| १३ | झापा | मेचीनगर नगरपालिका |
| १४ | झापा | हल्दिबारी गाउँपालिका |
| १५ | ताप्लेजुङ | पाथिभरा याङ्वरक गाउँपालिका |
| १६ | ताप्लेजुङ | मेरिङदेन गाउँपालिका |
| १७ | ताप्लेजुङ | सिदिङ्वा गाउँपालिका |
| १८ | तेह्रथुम | छथर गाउँपालिका |
| १९ | तेह्रथुम | म्याङलुङ नगरपालिका |
| २० | धनकुटा | छथरजोरपाटी गाउँपालिका |
| २१ | धनकुटा | धनकुटा नगरपालिका |
| २२ | धनकुटा | पाख्रिबास नगरपालिका |
| २३ | धनकुटा | महालक्ष्मी नगरपालिका |
| २४ | पाँचथर | कुम्मायक गाउँपालिका |
| २५ | पाँचथर | फिदिम नगरपालिका |
| २६ | भोजपुर | अरुण गाउँपालिका |
| २७ | भोजपुर | भोजपुर नगरपालिका |
| २८ | मोरङ | उर्लाबारी नगरपालिका |
| २९ | मोरङ | कटहरी गाउँपालिका |

शाखा अधिकृत
महाशाखा प्रमुख
प्रदेश सचिव

| | | |
|---|---|---|
| ३० | मोरङ | कानेपोखरी गाउँपालिका |
| ३१ | मोरङ | धनपालथान गाउँपालिका |
| ३२ | मोरङ | पथरीशनिश्चरे नगरपालिका |
| ३३ | मोरङ | बुढीगंगा गाउँपालिका |
| ३४ | मोरङ | बेलवारी नगरपालिका |
| ३५ | मोरङ | रंगेली नगरपालिका |
| ३६ | संखुवासभा | धर्मदेवी नगरपालिका |
| ३७ | सुनसरी | इनरुवा नगरपालिका |
| ३८ | सुनसरी | कोशी गाउँपालिका |
| ३९ | सुनसरी | देवानगञ्ज गाउँपालिका |
| ४० | सुनसरी | बराहक्षेत्र नगरपालिका |
| ४१ | सुनसरी | बर्जु गाउँपालिका |
| ४२ | सुनसरी | भोक्राहानरसिंह गाउँपालिका |
| ४३ | सुनसरी | रामधुनी नगरपालिका |
| ४४ | सुनसरी | हरिनगर गाउँपालिका |
| ४५ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका |

शाखा अधिकृत

प्रदेश सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश

## अनुसूची-२

### कार्यक्रम कार्यान्वयन कार्यतालिका

क. कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी तथा स्वीकृति, शीर्षकगत बजेट बाँडफाड तथा स्वीकृति, बेरोजगार तथा फर्केको व्यक्तिहरूको तथ्यांक संकलन, उद्यमशीलता विकास तथा व्यावसायिक तालिम र सीप विकास तालिमको विषय छनौट र सूचना आह्वान - पहिलो त्रैमासिक भित्र

ख. सामाजिक अभिमुखीकरण, वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको सञ्जाल निर्माण, तथ्यांक संकलन - दोस्रो त्रैमासिक भित्र

ग. उद्यमशीलता विकास तालिम र सीप विकास तालिमका सहभागी छनौट, तालिम सञ्चालन - दोस्रो त्रैमासिक भित्र

घ. वित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम - तेस्रो त्रैमासिक भित्र

ङ. तालिम सम्पन्न गर्ने सहभागीको सीप परीक्षणमा सहभागिता - तेस्रो त्रैमासिक भित्र

च. उद्यमशीलता विकास तालिम पश्चात् व्यावसयिक योजनामा आधारित सीप तालिम, उद्यम सञ्चालन प्रस्ताव आह्वान, प्रस्ताव छनौट, बिउ पूँजी/ प्रविधि हस्तान्तरण/ ब्याज अनुदान सहयोग चौथो चैमासिकको बैशाख मसान्तभित्र

छ. महिला उद्यमी र अधिकतम् रोजगार प्रदान गर्ने रोजगार दाताको सम्मान- चौथो चैमासिकको जेष्ठ मसान्त भित्र

ज. कार्यक्रम सम्पन्न गरी स्थानीय तहमा समीक्षा र मन्त्रालयमा प्रगति प्रतिवेदन प्रेषण - चौथो त्रैमासिकको असार १५ भित्र

शाखा अधिकृत    प्रदेश सचिव    मन्त्री

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
विराटनगर, नेपाल

# अनुसूची - ३

प्रगति प्रतिवेदनको ढाँचा

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशद्वारा जारी गरिएको रोजगार प्रवर्धन कार्यक्रम,२०८३ बमोजिम सञ्चालित सीप विकास तालिम र उद्यमशीलता कार्यक्रमको सामाजिक विकास मन्त्रालयमा पेश गरिएको

प्रगति प्रतिवेदन

(प्रतिवेदन अवधी ....................................)

१. स्थानीय तह :.......................

२. जम्मा बिनियोजित बजेट : क. सामाजिक विकास मन्त्रालय रु. २५ लाख ख. स्थानीय तहको तर्फबाट रु. २५ लाख गरी जम्मा रु. ५० लाख

३. खर्च बजेट रु......................... बाँकी बजेट रु.......................

४. कार्यविधि निर्माण भए/नभएको :

५. बाँडफाँड गरिएको बजेटहरू:

क. उधमशीलता र व्यावसायिक तालिम:

ख. सीप विकास तालिम तथा सीप प्रमाणीकरण:

ग. अनुदान (ब्याज) सहयोग:

घ. प्रविधि हस्तान्तरण:

ङ. बिउ पूँजी हस्तान्तरण :

च. सचेतना कार्यक्रम:

छ. कार्यक्रम व्यवस्थापन:

ज. अन्य :

६. शीर्षकगत प्रगति विवरण

क. सीप विकास तालिम

| क.सं. | तालिमको नाम | लाभग्राही (महिला/पुरुष) | Returnee (हो/होइन) | अपांगता भएको व्यक्ति (महिला/पुरुष/अन्य) | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ख. उद्यमशीलता विकास तालिम तथा व्यावसायिक योजनामा आधारित सीप तालिम सम्बन्धी

शाखा अधिकृत प्रदेश सचिव मन्त्री

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश

| क्र.सं. | तालिम | लाभग्राही (महिला/पुरुष) | Returnee (हो/होइन) | अपांगता भएको व्यक्ति (महिला/पुरुष/अन्य) | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ग. बीउपूँजी तथा प्रविधि हस्तान्तरण समबन्धी

| क्र.सं. | उद्यमको नाम | लाभग्राही (महिला/पुरुष) | Returnee (हो/होइन) | अपांगता भएको व्यक्ति (महिला/पुरुष/अन्य) | पुँजी सहयोग रकम/सहयोग गरिएको प्रविधि तथा उपकरणको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

घ. सचेतना कार्यक्रम तथा अन्य

| क्र.सं. | कार्यक्रम | लाभग्राही (महिला/पुरुष) | Returnee (हो/होइन) | अपांगता भएको व्यक्ति (महिला/पुरुष/अन्य) | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ङ. सीपविकास तालिम सञ्चालन सम्बन्धी विवरण :

| क्र.सं. | तालिमको नाम | निवेदन गर्ने संख्या | छनौट भएका संख्या | तालिम सञ्चालन स्थान | तालिम पुरा गर्ने संख्या | सीप परीक्षणमा सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

च. उद्यम/व्यवसाय सम्बन्धी विवरण :

| क्र.सं. | उद्यमीको नाम | सञ्चालन | स्थान | उत्पादित | रोजगारी | कैफियत |
|---|---|---|---|---|---|---|

शाखा अधिकृत

प्रदेश सचिव

मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवसायको नाम | | वस्तु तथा सेवा | दिएको सख्या | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

छ. बिउपूँजी वा प्रविधि हस्तान्तरण सम्बन्धी विवरण :

| क.सं. | उद्यमीको नाम | सञ्चालन व्यवसायको नाम | स्थान | उत्पादित वस्तु तथा सेवा | रोजगारी दिएको सख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

७. कार्यक्रमको दीगोपनाका लागि गरिएका प्रयासहरू

८. कार्यक्रमका राम्रा पक्षहरू :

९. कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिहरू :

शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

प्रदेश सचिव

मन्त्री

सामाजिक विकास मन्त्रालय कोशी प्रदेश